# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली
# मितिः ३१ मई २०२५
# समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सिलगढीको मतिगढामा एक विशेष समुदायले हिन्दुहरूको घर, दोकानहरूमाथि सुनियोजित हमला गरेपछि धेरैजना हिन्दुहरू घाइते भएका छन्। जसको विरोधमा विश्व हिन्दु परिषदले भोलि 24 घण्टा सिलगढी बन्दको आह्वान गरेको छ।

- पाकिस्तानी खुफिया एजेन्सी ISI को लागि जासूसी गर्ने नेटवर्कको खोजिमा राष्ट्रीय जाँच एजेन्सीले आज कोलकातालगायत देशका विभिन्न स्थानहरूमा एकै साथ छापा मारेको छ।

- जलपाईगुडीमा टिस्टा नदीको बहाव परिवर्तन गर्न नदि खनन् कार्य गरिने जसको निम्ति पश्चिम बङ्गाल सरकारले नदिको बालुवा र माटो हटाउने अनुमति दिएको प्रासशानिक सुत्रले जानकारी दिएका छन्।

- अलीपुरद्वार जिल्लाको फालाकाटा नजिकै कुञ्जनगरमा जङ्गली हात्तीको हमलामा एकै परिवारका 3 जनाको मृत्यु भएको छ। जसमा छत्तीस दिनको शिशु पनि शामेल छ।

**सिलगढी हमला**

सिलगढीको मतिगढामा एक विशेष समुदायले हिन्दुहरूको घर, दोकान आदिमाथि सुनियोजित हमला गरेपछि निक्कै उत्तेजना सृष्टि भएको छ। एकजना बजरङ्ग दलको कार्यकर्ताको घरमाथि हमला गरी परिवारका कैयन् व्यक्तिहरूलाई घाइते बनाएपछि क्षेत्रमा संत्रास र तनाव उत्पन्न भएर गयो। स्थानीय मानिस अनुसार डेढसय देखि 2 सयको समूहमा घातक हात-हतियार, रड, लाठी, तरबार र छुरीका साथ उपद्रवीहरूले करिब 20 मिनट सम्म ताण्डव गरिरहे। स्थानीय मानिसहरूले यस हमलाको प्रतिकार गर्न थालेपछि घटना स्थलमा पुलिस पुगेको गम्भीर आरोप लगाएका छन्। पुलिसले कसैगरी उत्तेजनालाई नियन्त्रण गर्न सक्यो। यसैक्रममा दार्जिलिङका सांसद राजु विष्ट पनि घटनास्थल पुगेर पीडित मानिसहरू सँग भेट गरे। हिजो सोही क्षेत्रमा गाईको मासु भरेर लगिरहेको एउटा बाहनलाई बजरङ्ग दलका कार्यकर्ताहरूले रोकेर प्रतिवाद गरेको थियो। तर पुलिसले उल्टा प्रतिवाद गर्ने व्यक्तिहरूलाई नै गैरजमानती धाराहरूमा गिरफ्तार गर्‍यो र आज बिहानै सुनियोजित तरिकाले एक विशेष समुदायले सो बजरङ्ग दलका कार्यकर्ता साथै अन्य हिन्दुहरूको घर अनि दोकानमा तोडफोड गर्‍यो। यसै घटनाको आरोपमा पुलिसले 2जनालाई पक्राउ गरेको छ। भाजपा र विश्व हिन्दु परिषदले पुलिसलाई चेतावनी दिँदै 48 घण्टा भित्र सबै उपद्रवीहरूलाई पक्राउ नगरेको खण्डमा समाजले जवाबी कार्यवाही गर्नेछ र चुप बस्ने छैन भनी कडा चेतावनी दिएको छ। प्राप्त ताजा जानकारी अनुसार हिज गिरफ्तार गरिएका बजरङ्ग दलका कार्यकर्ताहरूलाई सिलगढी अदालतमा पेश गरियो। अदालतले उनीहरूको जमानत याचिकालाई खारेज गर्दै 3 दिनको पुलिस हिरासतमा राख्ने आदेश दिएको छ। यसैबीच प्राप्त ताजा जानकारी अनुसार विश्व हिन्दु परिषदले भोलि 24 घण्टा सिलगढी बन्दको आह्वान गरेको छ। पश्चिम बङ्गाल पुलिसले एक विशेष समुदायलाई हिन्दुहरूमाथि हमला गर्ने विशेष छुट दिएको छ तर अर्कोतिर पीडित हिन्दुहरूले प्रतिवाद गर्दा चै पुलिसले दमन गरिरहेको विरोधमा यो बन्द डाकिएको हो। भाजपा सांसद राजु विष्ट तथा विश्वहिन्दु परिषदका उत्तरबङ्गालका महासचिव लक्ष्मन बन्सलले मुर्सिदाबाद र मालदा जस्तो घटना दोहाराउने

षड्यन्त्र अब दार्जिलिङ जिल्लामा पनि हुन थालेको छ। मुर्सिदाबाद जस्तै सिलगढीलाई पनि एक विशेष समुदायले अशान्त पार्ने गहिरो षड्यन्त्र रचिरहेको बताएका छन्।

**तिस्ता नदीको बढ्यो जल स्तर**

दार्जिलिंग पहाड़ तथा छिमेकी राज्य सिक्किममा केहि दिन देखि लगातार भईरहेको वर्षाले गर्दा तिस्ता नदीको जल स्तर निकै बढेर गएको छ तथा कतिपय ठाँउहरूमा खतराको चिनो भन्दा माथि बगिरहेको छ। विशेषगरि उत्तर सिक्किम तथा पूर्वी सिक्किमको सिंगताम क्षेत्र लगायत कालेबुंगको तिस्ता, मल्ली, रम्भी क्षेत्र तथा जलपाईगुड़ीका कतिपय इलाकामा नदीको घार र जस स्तर अप्रत्यासित रूपमा भढेर गएको छ।हालै जलपाईगुड़ीको लालटंग बस्ती र चामकडांगी गांव पूर्ण रूपले तिस्तामा समाहित भएको छ र स्थानीय मानिसहरू बेघर बनेका छन्। राज्य सरकारले पूनरवासका लागि नयाँ ठाँउ पनि आवंटित गरि सकेको छ। सिक्किम, दार्जिलिंग तथा जलपाईगिड़ी प्रशासन अनुसार वर्ष 2023 को अक्टूबरमा आएको तिस्ता जल त्रासदीले गर्दा तिस्ता नदीको तहमा निकै मलबाहरू थुप्रिएका छन् तथा नदीको गहिराई धैरै कम भएर गएको तथा चौड़ाई धैरै बढेर गएकोले नै पहाड़मा ठूला पानि पर्दा नै तिस्ताको जल स्तर माथि उठेर आउँद्छ। यसैले नदीको गहिराई बढाउन तिस्ता नदीमा थुप्रेको मलबाहरी न निकाली बाढीको खतराहरू देखि राहत पाइन्दैन।प्रशासनिक सूत्रहरूले जनाए अनुसार, राज्य सरकारले तिस्ता नदीको तहमा थुप्रेको ढुंगा, बालूवा र माट्टोलाई निकाल्ने एउटा योजनालाई मंजूरी दिएको छ।यस योजनामा नदीको सफाईका साथ यबाट निकालीने ढुंगा र बालूवा-माट्टोलाई बेचेर सरकारी राजस्व पनि प्राप्त हुने छ। यो परियोजनालाई कार्यान्वयन गर्न राज्य सिचाई विभागको मिनरल डिवेलपमेंट एंड ट्रेडिंग कॉरपोरेशन लिमिटेड (एमडीटीसीएल) लाई जिम्मा दिइएको छ। यस कार्यलाई मनसुन सके पछि कार्यरूपमा ल्याइने छ। यस परियोजनाको पहिलो चरणमा सिचाई विभागले सेवक देखि माल, राजगंज, जलपाईगुड़ी मयनागुड़ी सम्मको 60 किलोमीटर लामो तिस्ता नदीमा सफाई र खनन गर्ने छ

**हाथीको हमलामा तीनको मृत्यु**

अलीपुरद्वार जिल्लाको फालाकाटा नजिक कूंजनगरमा में हिजो राति एउटा जंगली हाथीको हमलामा परि एकै परिवारका तीन जनाको मृत्यु भएको छ। मर्नेमा एक जना 36 दिनको शीशु पनि शामेल छ।स्थानीय मानिसहरूले वन विभागको लापरवाहीले गर्दा यो दुःखद घटना घटेको हो भन्दै आज बिहान विरोध गर्दै सड़क पनि अवरोध गरे। प्राप्त जानकारी अनुसार हाथी घरको बाहिर आएको थियो र नजिकको पर्खाललाई ढाल्यो। घरमा रहेका 32 वर्षिया व्यक्ति बाहिर सो आवाज कस्तो हो भनि हेर्न जाँदा हाथीले हमला गर्यो उसलाई बचाउन घर की 65 वर्षिया वृद्ध महिला काखमा नवजात कन्या शिशुलाई बोकेर जाँदा हाथीले हमला गर्यो जसमा दुवैको ज्यान गयो।स्थानीय मानिसहरूको माग छ कि वन विभागले यस्ता हमलाहरू रोक्न ठोस कदन चाल्नु पर्छ कारण अलिपुरद्वारमा प्रायःहाथी ग्रामीण क्षेत्रमा पस्ने गर्छन जसमा अहिले सम्म धैरे जनाको ज्यान गई सकेको छ। पीड़ित परिवारलाई छतिपूर्तिको पना माग गरिएको छ।

**दार्जीलिङ अस्पताल एमआरआई**

2024 को नोभेम्बर महिना देखि बिग्रेर बन्द अवस्थामा रहेको जिल्ला अस्पताल दार्जीलिङको एमआरआई मसिनको हालत बुझ्न आज लक्ष्य समुह दार्जिलिङ जिल्ला अस्पताल पुगेको थियो भने छ महिना बिति सक्दा पनि एमआरआई मसिन भने ठिक नभएको बताइएको छ। लक्ष्य समुहले यस वर्षको फरवरी महिनामा नै यसको अवस्थाबारे अस्पताल पक्षलाई पत्र चडाएका थिए भने आज फेरि यस बारे जानकारी लिन जाँदा एमआरआईको अवस्था जस्ताको तस्तै भेटिएको छ। आज फेरी लक्ष्य समुहले जिल्ला अस्पतालका एसिस्टेन्ट सुपरिटेन्डेन्ट सित यसबारे जान्न चाहदा एसिस्टेन्ट सुपरिटेन्डेन्टले नयाँ एमआरआई मसिन जुन महिना भित्रमा जडान गरिने बताए। जसको मुल्य ११ करोड रहेको बताइएको छ। मसिन जडान सम्बन्धि सम्पूर्ण औपचारिक कार्यहरू पुरा भइसकेको एसिस्टेन्ट सुपरिटेन्डेन्टले बताएको लक्ष्य समूहले जानकारी गराएको छ।

**हिल टीएमसी मानोरेटी सेल**

हिल टीएमसी मानोरेटी सेलको आयोजनामा एक विशेष सचेतना कार्यक्रम सम्पन्न भएको छ। यो कार्यक्रम मानोरेटी समुदायलाई सरकारबाट प्राप्त हुने विभिन्न सहुलियत र अधिकारबारे जानकारी दिनका लागि आयोजना गरिएको हो।उक्त कार्यक्रममा

पश्चिम बंगाल माइनोरेटी सेलका अध्यक्ष तथा विधायक नसरत हुसेन प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो। साथै, हिल टीएमसी दार्जीलिङ-कालेबुङ जिल्ला अध्यक्ष शान्ता छेत्री, जिल्ला युवा अध्यक्ष सुमन गुरूङ, मानोरेटी सेलका जिल्ला अध्यक्ष लावन टाँसो लगायतका नेताहरूको पनि उपस्थिति रहेको थियो।पश्चिम बंगाल माइनोरेटी सेलका अध्यक्ष नसरत हुसेनले कार्यक्रमलाई सम्बोधन गर्दै सरकारले मानोरेटी समुदायका लागि ल्याएका विभिन्न योजनाहरू र त्यसबाट लाभ लिन सकिने तरिकाबारे जानकारी गराउनु भयो। उहाँले सरकारका पहलहरूसँग जोडिन सबैलाई आह्वान गर्नुभयो।

**बालुवाबास बाटो निर्माण**

बालुवाबास स्काई वक अनि नव निर्मित ब्रिज जाने नाली डाँडा गाउँको बाटोको निर्माण कार्य आज पूरा भयो। लगभग तीन महिनासम्म निरन्तर श्रमदान गरेर यो बाटोको निर्माण कार्य पुरा भएको छ।